नेपाल सरकार

अर्थ मन्त्रालय

## भन्सार विभाग

# कञ्चनपुर भन्सार कार्यालय

गड्डाचौकी, कञ्चनपुर

भीमदत्त न.पा.११ गड्डाचौकी, कञ्चनपुर, सुदुरपश्चिम,नेपाल।

मितिः-२०८३/०१/०७ ने.सं.११४६ चौलागा सोमबार

### भन्सार नियमावली,२०६४ को नियम ३५ को उपनियम २ अनुसार सिलबन्दीद्वारा मालवस्तु लिलाम बिक्री सम्वन्धी सूचना

विषयः लिलामी सूचना

विभिन्न प्रतिवेदक निकायबाट प्राप्त भई मुद्दा दर्ता प्रक्रियामार्फत यस कार्यालयको निर्णयबाट जफत भएका तथा विभिन्न प्रतिवेदक निकायबाट जफत भएका तथा विभिन्न प्रतिवेदक निकायबाट मुद्दामा दर्ता भई विभिन्न मितिमा जफत भई दाखिला हुन आएका तपसिलमा उल्लेख भए बमोजिमको विवरणका मालबस्तुहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा भन्सार नियमावली,२०६४ को नियम ३५ को उपनियम २ बमोजिम सिलबन्दीको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले इच्छुक फर्म, कम्पनी वा संस्थाद्वारा यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र गोप्य सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।दरभाउपत्र यस कार्यालयको मुद्दा तथा लिलामी शाखाबाट खरिद गर्न सकिने छ। अन्य थप जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयको मुद्दा तथा लिलामी शाखामा सम्पर्क राखी बुझ्न सकिने छ। साथै यस कार्यालयको वेवसाईट https://kanchanpur.customs.gov.np र भन्सार विभागको वेवसाईट customs.gov.np मा समेत हेर्न सकिनेछ।

तपसिलः

| सुचनाको सि.न | मुद्दा नं | दर्ता मिति | मालसामानको विवरण | न्यूनतम मुल्य (रु.) | एकमुष्ट न्युनतम मुल्य (रु.) | दरभाउपत्र खरिद रकम (रु.) | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| १ | ४९० | २०८२-०८-२५ | IPHONE 17 (256 GB) 1 PCS,IPHONE17 1 पिस, IPHONE 16 PRO MAX (256GB) 1 पिस, IPHONE 16 PRO (256 GB) 1 पिस, IPHONE 16 PRO (128 GB) 1 पिस, IPHONE 15 PRO MAX (256 GB) 3 पिस, IPHONE 15 PRO (256) 1 पिस, IPHONE 15 (128GB) 1 पिस, IPHONE 14 PRO MAX (128 GB) 1 पिस,IPHONE 13 PRO (256 GB) 1 पिस, 13 I CLOUDMOBILE 4 पिस, IPHONE 9 पिस, SAMSUNG 4 पिस, VIVO 5 पिस, 1 PLUS MOBILE 1 पिस (old and no packing cover) | २०६२८९० | ३१५२३७१ (एकतिस लाख बावन्न हजार तीन सय एकहत्तर) | २००० (अक्षरेपि दुई हजार मात्र) | |
| | ११५१ | २०८२-०२-११ | iphone 13 (128 GB) 3 pcs. (New) | १८०००० | | | |

प्रमुख भन्सार अधिकृत

Phone No:099-402136 Fax:-099-402026 E.mail:- kanchanpur@customs.gov.np

Scanned with CamScanner

नेपाल सरकार

अर्थ मन्त्रालय

# भन्सार विभाग

# कञ्चनपुर भन्सार कार्यालय

गड्डाचौकी, कञ्चनपुर

भीमदत्त न.पा.११ गड्डाचौकी, कञ्चनपुर, सुदूरपश्चिम,नेपाल।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ११६ | २०७९-०६-२९ | iphone (11) 1 pcs. (New) | ३८४९५ | | | |
| | ३३२ | २०७९-०२-०५ | Narzo mobile 2 pcs, oppo mobile 2 pcs,redmi mobile 1 pcs, realme mobile 2 pcs, realme mobile 1 pcs.(new) | ६२६३७ | | | |
| | ३३० | २०७९-०२-०३ | I phone (11) 10 pcs, one ppluse (9) 8 pcs, one pluse 9 pro 3 pcs.( with out packing cover) | ७९१३४९ | | | |
| | ३३ | २०८१-०४-०८ | realmi c53 phone 1 pcs, realmi 12 mobile 1 pcs (new) | १७००० | | | |
| २ | ३८ | २०८२-०४-१४ | samsung mobile new 1 pcs, realeme mobile new 2pcs, realme mobile old 1 pcs, polo mobile old 1 pcs, mobile cover and glass 1/1 pcs, mobile display 1 pcs. (Old and new) | ४८७५० | २३०४२१ (दुई लाख तीस हजार चार सय एक्काइस) | २००० (अक्षरेपि दुई हजार मात्र) | |
| | ४१ | २०८०-०४-१६ | Redmi Mobile 1 pcs (old) | ५००० | | | |
| | ८८ | २०८०-०५-१० | Samsung key pad small mobile 13 pcs. (new) | १३००० | | | |
| | १४३ | २०८०-०६-१६ | विभिन्न कम्पनिका मोबाईलरु २१ वटा पुरानो | ११०००० | | | |
| | १००७ | २०८१-०९-०३ | realme c51 mobile (new) | ७००० | | | |
| | ३५४ | २०८२-०७-२३ | vivo y19 e 2 pcs, realmi 1 pcs, poco 1 pcs (old). (old and New) | ३६७९६ | | | |
| | ११२ | २०८१-०४-२९ | mobile 1 pcs.(old) | ७५०० | | | |

प्रमुख भन्सार अधिकृत

Phone No:099-402136 Fax:-099-402026 E.mail:- kanchanpur@customs.gov.np

Scanned with CamScanner

नेपाल सरकार

अर्थ मन्त्रालय

# भन्सार विभाग

# कञ्चनपुर भन्सार कार्यालय

गड्डाचौकी, कञ्चनपुर

भीमदत्त न.पा.११ गड्डाचौकी, कञ्चनपुर, सुदुरपश्चिम,नेपाल।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ६४१ | २०८०-१२-२६ | samsung sm b310e ( key pad mobile) (new) | १२५० | | | |
| | ११९ | २०७९-०७-०२ | nokia key pad mobile 1 set (old) | ११२५ | | | |

१.बोलपत्र फाराम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरि) यस कार्यालयको कोड नम्बर ३०५०३७६०१ र राजस्व संकेत नम्बर १४२२९ (अन्य प्रशासनिक शुल्क) मा दाखिला गरेको सक्कल भौचर पेस गरी यस कार्यालयको मुद्दा शाखा बाट सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।

२.आफुले कबोल गरेको रकमको न्यूनतम १० % (प्रतिशत) ले हुन आउने धरौटी बापतको रकम राष्ट्रिय बाणिज्य बैंक लि. महेन्द्रनगरमा रहेको क २.९ भन्सार कोष खाता नम्बर ४१८०१००१०२०९०००१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर बोलपत्र फाराम साथ पेश गर्नु पर्नेछ।

३.आफुले कबोल गरेको रकम अंक र अक्षरमा खुल्ने गरी स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ। सच्याइएको वा केरमेट गरिएको स्थानमा बोलपत्रदाताको दस्तखत हुनु पर्ने छ। साथै, अंक र अक्षरमा फरक परेको हकमा अक्षरलाई मान्यता दिइने छ।

४.कार्यालय बाट सिलवन्दी दरभाउपत्र जसको नाममा खरिद भएको हो सोही फर्म, कम्पनी वा संस्थाले मात्र पेश गर्न पाउने छ। अन्य फर्म, कम्पनी वा संस्थाले पेश गरेमा दरभाउपत्र रद्द हुनेछ।

५.मुल्यांकन समितिले निर्धारण गरेको उल्लेखित मुल्यमा मुल्य अभिवृद्धि कर र प्रचलित कानून बमोजिम लाग्ने अन्य महशुलहरु समावेश गरिएको छैन।

६.यस कार्यालयबाट खरिद गरिएका बोलपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिन २०८३/०१/२२ गतेको अपरान्ह १२:०० बजेसम्म यस कार्यालयको मुद्दा शाखामा (सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा) दर्ता गरि सक्नु पर्ने छ। दर्ता भएका बोलपत्रहरु सोहि दिन दिउँसो १५:०० बजे बोलपत्र दाता र अन्य कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ। साथै प्रत्येक सूचनामा सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्र दाताको बोलपत्र स्वीकृत गरिने छ।

७.सिलबन्दी पेश हुने दरभाउपत्रमा दरभाउपत्रदाता फर्म, कम्पनी वा संस्थाको प्रोपाईटर वा आधिकारीक प्रतिनिधिले आफ्नो परिचय खुल्ने कागजातको प्रतिलिपि र फर्म दर्ताको प्रतिलिपि खाम भित्र संलग्न राखी पुरा नाम, थर लेखि फर्मको आधिकारीक सहिछाप गरेको हुनु पर्ने छ। खाममा सिलछाप समेत लगाई पेस गर्नुपर्नेछ र खामबाहिर बोलपत्र सूचना नं. र बोलपत्रदाताको नाम ठेगाना खुलाउनु पर्ने छ।

प्रमुख भन्सार अधिकृत

Phone No:099-402136 Fax:-099-402026 E.mail:- kanchanpur@customs.gov.np

Scanned with CamScanner

नेपाल सरकार

अर्थ मन्त्रालय

# भन्सार विभाग

# कञ्चनपुर भन्सार कार्यालय

गड्डाचौकी, कञ्चनपुर

भीमदत्त न.पा.११ गड्डाचौकी, कञ्चनपुर, सुदुरपश्चिम,नेपाल।

८.ईच्छुक व्यक्तीले मालवस्तु हेर्न चाहेमा सूचना प्रकाशित भएको तेस्रो दिन देखी छैटौं दिन सम्म यस कार्यालयमा आएर दिउँसो २:०० बजेदेखी ४:०० बजे भित्र मुद्दा शाखामा सम्पर्क गरी हेर्न सकिनेछ।

९.बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचनापाटीमा सूचना प्रकाशित गरि जानकारी गराईनेछ।

१०.सिलबन्दी दरभाउपत्र स्वीकृत भएको फर्म, कम्पनि वा संस्थाले दरभाउपत्र स्वीकृत भएको जानकारी पाएको मिति बाट ७ दिन भित्र मू.अ.कर र प्रचलित कानून बमोजिम लाग्ने अन्य महशुलहरु बुझाई मालवस्तु उठाई लैजानु पर्ने छ।

११.सिलबन्दी दरभाउपत्र स्वीकृत भएको दरभाउपत्र दाताले तोकिएको म्यादमा सामान उठाई नलगेमा निजले राखेको धरौटी रकम जफत गरी भन्सार नियमावली,२०६४ को नियम ३६(४) बमोजिम भईजाने छ।

१२.मोबाईल दर्ता सम्बन्धी सम्पुर्ण जिम्मेवारी लिलाम सकार कर्ताको हुनेछ।

१३.आफुले लिलाम सकार गर्न चाहेको मालवस्तुको विस्तृत विवरण कार्यालय समयमा यस कार्यालयको मुद्दा शाखामा आई जानकारी लिन सकिने छ।

१४.सिलब्दी दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा रहने छ।कुनै पनि शर्त राखी पेश भएको सिलबन्दी दरभाउपत्र मान्य हुने छैन।

१५.यसमा उल्लेख भएदेखी बाहेक अन्य कुराहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ।

१६.गोप्य सिलबन्दी दरभाउपत्र खोल्दा दुई वा सो भन्दा बढि फर्मले कबोल गरेको अधिकतम रकम समान भएमा उक्त फर्महरुविच गोलाप्रथा वा खुला लिलाम बढाबढ द्वारा बोलपत्र स्वीकृत गरिनेछ।

१७.यसमा उल्लेख भए बाहेक अन्य विषयहरु प्रचलित नेपाल ऐन, कानून बमोजिम हुनेछ।बोलपत्रको प्रकाशित सूचना कार्यालयले कुनै पनि बेला सूचना प्रकाशित गरी संशोधन, स्थगन वा रद्द गर्न सक्नेछ। साथै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

ईति सम्वत् २०८३ वैशाख महिना ०७ गते रोज ०२ शुभम्।

प्रमुख भन्सार अधिकृत

Phone No:099-402136 Fax:-099-402026 E.mail:- kanchanpur@customs.gov.np

Scanned with CamScanner